## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १४ जून २०२४

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. जी– ७ शिखर सम्मेलनमा सहभागी हुन इटालीको अपुलिया पुग्नु भएका प्रधानमन्त्री नरेन्द्र मोदीले आज विभिन्न देशका प्रमुखहरुसँग द्विपक्षीय भेटवार्ता गर्नु भयो।

२. प्रवर्तन निदेशालय अधिकारीहरूले पश्चिम बंगालका पूर्व शिक्षामन्त्री पार्थ च्यटर्जीसित अप्रत्यक्ष वा संयुक्त रूपमा रहेको अन्य थप सम्पत्तिहरूलाई पनि जफत गरेको छ।

३. पश्चिम बंगालको सत्तारुढ दल तृणमूल कङ्ग्रेसले राज्यका चार विधानसभा सिटका लागि हुन गइरहेको उपचुनावका लागि उम्मेदवारको नाम सार्वजनिक गरेको छ।

४. टिस्टाका बाड पीडितहरुसित आज जिल्ला प्रसासन अनि सम्बन्धित निकायहरुले टिस्टामा बैठक सम्पन्न भएको छ।

५. हाम्रो पार्टीका दुईजना सभासद जितेन राई र रूबेन दास प्रधानले टिस्टा त्रासदीपछि गठन भएको हाई पावर कमिटीको सदस्यताबाट राजीनामा दिएका छन्।

**<u>जी– ७ शिखर पीएम</u>**

जी– ७ शिखर सम्मेलनमा सहभागी हुन इटालीको अपुलिया पुग्नु भएका प्रधानमन्त्री नरेन्द्र मोदीले आज विभिन्न देशका प्रमुखहरुसँग द्विपक्षीय भेटवार्ता गर्नु भयो । श्री मोदीले आज दिउँसो फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसंग भेट गर्नु भयो। दुई नेताले रक्षाए आणविकए अन्तरिक्षए शिक्षाए जलवायु कार्यए डिजिटल सार्वजनिक पूर्वाधारए महत्वपूर्ण प्रविधिए कनेक्टिभिटी र संस्कृतिका क्षेत्रमा आफ्नो साझेदारीलाई अझ सुदृढ पार्ने विषयमा छलफल गरे। दुई नेताले प्रमुख विश्व र क्षेत्रीय मुद्दामा पनि विचार आदानप्रदान गरेका थिए। उहाहरूले श्मेक इन इन्डियाश मा थप ध्यान केन्द्रित गर्नु हुदै रणनीतिक रक्षा सहयोगलाई अझ प्रगाढ बनाउन सहमत भए। आगामी वर्ष फ्रान्समा हुने एआई शिखर सम्मेलन र संयुक्त राष्ट्र महासागर शिखर सम्मेलनको सन्दर्भमा एआईए उदीयमान प्रविधिए ऊर्जा र खेलकुदका क्षेत्रमा सहकार्य विस्तार गर्न दुवै नेता सहमत भएका छन्। उहाले भारत र फ्रान्सबीचको बलियो र भरपर्दो रणनीतिक साझेदारी स्थिर र समृद्ध विश्वव्यापी व्यवस्थाका लागि आवश्यक रहेकोमा जोड दिनु भयो। प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी पेरिस ओलम्पिक र पाराओलम्पिक खेलकुदका लागि राष्ट्रपति म्याक्रोनलाई शुभकामना दिनु भएको छ। यस क्रममा श्री मोदीले ब्रिटेनका प्रधानमन्त्री ऋषि सुनकसँग पनि भेट गर्नु भयो ।

****** ० ******

**<u>क्रूज टुरिजम सम्मेलन</u>**

नया दिल्लीमा दुई दिवसीय भारत- हिन्द महासागर रिम एसोसिएसन- प्द। क्रूज टुरिजम सम्मेलन आज सम्पन्न भयो। सम्मेलनमा बंगलादेशए केन्याए मेडागास्करए माल्दिभ्सए मोजाम्बिकए श्रीलंकाए दक्षिण अफ्रिकाए सेशेल्स र तान्जानिया लगायत आईओआरए सदस्य राष्ट्रका अधिकारी र विज्ञहरूको सहभागिता थियो। प्द। सदस्य देशहरूमा क्रूज पर्यटनको विकासका लागि सम्मेलनले सबै हितधाराकहरूलाई एकै ठाउँमा ल्याएको विदेश मन्त्रालयले जानकारी दिएको छ। सो क्रममा पूर्वाधार विकासए नियामक विषयए दिगो पर्यटनए रोजगारी सृजनाए महिला समावेशी र व्यवसायका अवसरका विषयमा छलफल भएको थियो।

****** ० ******

**इडी- पार्थ च्यटर्जी**

प्रवर्तन निदेशालय (ईडी)- का अधिकारीहरूले पश्चिम बंगालका पूर्व शिक्षामन्त्री एवं तृणमूल कंग्रेसका महासचिव पार्थ च्यटर्जीसित अप्रत्यक्ष वा संयुक्त रूपमा रहेको अन्य थप सम्पत्तिहरूलाई पनि जफत गरेको छ। पार्थ च्यटर्जी वर्तमानमा पश्चिम बंगालमा करोड़ौं रुपियाँको शिक्षक नियुक्ति भ्रष्टाचार मामिलामा कथित संलिप्तताको निम्ति न्यायिक हिरासतमा छन्। सूत्रले बताए अनुसार, जफत गरिएका सम्पत्तिहरू ग्रेटर कोलकाताको दक्षिणी बाहिरी क्षेत्रए बीरभूम जिल्लाको बोलपुर-शान्तिनिकेतन अनि दक्षिण २४ परगना जिल्लाको बिष्णुपुरसम्म फैलिएको छ। प्राप्त जानकारी अनुसार जफत गरिएको सम्पत्तिहरूको मूल्य करोड़ रुपियाँ रहेको छ। जाँच अधिकारीहरूले शिक्षक नियुक्ति भ्रस्टाचार मामिलामा गलत ढंगमा अर्जित गरिएको आय अनि यी सम्पत्तिहरू खरिद गर्नका लागि प्रयोग गरिएको धनमाझको सम्बन्ध बारे पत्तो लगाएका छन्। सूत्रले अझ जानकारी गराए अनुसारए जाँच अधिकारीहरूले नियुक्ति भ्रष्टार मामिलामा सम्पत्ति जफत गरिएको यो पहिलो अवसर होइन। जाँच शुरू भएदेखि अहिलेसम्ममा केन्द्रिय जाँच एजेन्सीका अधिकारीहरूद्वारा जफत गरिएका सम्पत्तिहरूमा जमीनए नगदए आभूषण एवं मूल्यवान धातुहरू सामेल छन्।

****** ० ******

**सिक्किम मुख्यमन्त्री**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले सोरेङ च्याखुङ निर्वाचन क्षेत्रबाट विधायकको रूपमा राजीनामा दिनु भएको छ । मुख्यमन्त्रीले आज आफ्नो आधिकारिक फेसबुक पेजमार्फत यसबारे जानकारी गराउनु भएको छ ◌ उल्लेखनीय छए मुख्यमन्त्री प्रेमसिंह तामाङले हालैमा सम्पन्न भएको राज्य विधानसभा चुनाउमा दुईवटा निर्वाचन क्षेत्र पश्चिम सिक्किमको सोरेङ च्याखुङ र पूर्व सिक्किमको रिनाकबाट चुनाउ लडनु भएको थियो । उहाले दुईवटै निर्वाचन क्षेत्रबाट भारी मतले जित हासिल गर्नु भए तापनि नियम अनुसार दुईवटा निर्वाचन क्षेत्र मध्ये एउटा निर्वाचन क्षेत्र त्याग्नु पर्ने हुदा श्री तामांगले सोरेङ च्याखुङ निर्वाचन क्षेत्रबाट राजीनामा दिएका हुन्। सिक्किम विधानसभा सचिवालयले आज जारी गरेको अधिसूचना अनुसारए मुख्यमन्त्री प्रेमसिंह तामाङले सोरेङ च्याखुङ निर्वाचन क्षेत्रबाट राजीनामा दिएपछि १४ जूनए २०२४ देखि सोरेङ च्याखुङ निर्वाचन क्षेत्र रिक्त रहेको पनि जनाएको छ।

****** ० ******

**टीएमसी-उपचुनाव**

पश्चिम बंगालको सत्तारुढ दल तृणमूल कङ्ग्रेसले राज्यका चार विधानसभा सिटका लागि हुन गइरहेको उपचुनावका लागि उम्मेदवारको नाम सार्वजनिक गरेको छ । मुख्यमन्त्री ममता व्यानर्जीको नेतृत्वको टीएमसीले रायगञ्ज सीटबाट कृष्ण कल्याणी र रानाघाट-दक्षिण निर्वाचन क्षेत्रबाट मुकुटमणि अधिकारीलाई उम्मेदवार बनाएको छ। पार्टीका पूर्व विधायक स्वर्गीय साधना पाण्डेकी पत्नी सुप्ति पाण्डेलाई कोलकाताको मानिकतला सीटबाट उम्मेदवार बनाइएको छ । यसरी नै मधुपर्णा ठाकुरलाई मटुआ बहुल बागडा सीटबाट उम्मीदवार बनाएको छ । भारतीय जनता पार्टीका विधायक कृष्ण कल्याणी अनि मुकुटमणि अधिकारी तृणमूल कांग्रेसमा प्रवेश गरेपछि रायगञ्ज र रानाघाट विधानसभा सीट खाली भएको थियो। दुवै जना लोकसभा चुनावमा टीएमसीका उम्मेदवार थिए तर पराजित भएका थिए। यसरी नै सन् २०२२ मा साधना पाण्डेको निधनपछि मानिकतला सीट खाली भएको थियो । उप निर्वाचनका लागि निर्वाचन आयोगले ५५ कम्पनी केन्द्रीय बल तैनाथ गरेको छ ।

****** ० ******

**पीएससी परीक्षा प्रश्न पत्र लीक**

प्रदेश लोकसेवा आयोगको परीक्षामा प्रश्नपत्र लीक गरी एस.एम.एस. मार्फत उत्तर पठाएको आरोपमा दुई जनालाई पुलिसले पक्राउ गरेको छ । सी.आई.डीले नादिया जिल्लामा छापा मारेर दुई जनालाई पक्राउ गरेको हो । सि.आइ.डी स्रोतका अनुसार पक्राउ पर्ने मध्ये एक जना घटनाका मास्टरमाइन्ड हुन् । उनीहरूबाट 11 थान मोबाइल फोन र केही बैंक पासबुक समेत बरामद गरिएको छ ।खाद्य एस.आई पदको लागि राज्य खाद्य विभागको भर्ती परीक्षामा घोटाला भएको र परीक्षा हलमा एस.एम.एस. मार्फत परीक्षार्थीलाई प्रश्नको जवाफ पठाइएको आरोपमा कोलकाताको सर्भे पार्क पुलिस स्टेशनमा मुद्धा दर्ता गरेपछि कलकत्ता उच्च अदालतले सी.आई.डी.लाई अनुसन्धान गर्न आदेश दिएको थियो। त्यसपछि शंकर विश्वासलाई नदियाको कल्याणीबाट अनि पपी दासलाई धुबुलियाबाट पक्राउ गरिएको छ । यसै मामिलामा सी.आई.डीले फेरी दुई आरोपीलाई पक्राउ गरेको बताईएको छ ।

****** ० ******

**टिस्टा बैठक**

टिस्टाका बाड पीडितहरुसित आज जिल्ला प्रसासन अनि सम्बन्धित निकायहरुमाझ टिस्टामा बैठक गरेका छन्। बैठकमा खण्ड विकास अधिकारी इस्लाम सिमिरुल, पन्चायत समिति सभापती ममता गुरुङ, सभासद सिनोरा नाम्चु लगायत एनएचपीसी, पीडब्लुडी आदिका प्रतिनिधिहरु उपस्थित थिए। बैठक अवधी पीडितहरुले बाँध बाध्ने काममा भएको ढिल्याइ क्षतिपुर्ती नदिएको आदि विषयमा आक्रोश व्यक्त गरेका थिए भने प्रसासनिक पक्षबाट खण्ड विकास अधिकारीए पन्चायत समिति सभापति ममता गुरुङए अभियन्ता योगेस प्रधानले अहिलेसम्म भइरहेको कार्यबारे अवगत गराएका थिए।

****** ० ******

**हाम्रो पार्टी**

हाम्रो पार्टीका दुईजना सभासद जितेन राई र रूबेन दास प्रधानले टिस्टा त्रासदीपछि गठन भएको हाई पावर कमिटीको सदस्यताबाट राजीनामा दिएका छन्। जीटीए सभाका चेयरमेन अञ्जुल चौहानको अध्यक्षतामा गठन भएको यस हाई पावर कमिटीले टिस्टाका बाढ़ पीड़ितहरूलाई पुनः स्थापित गराउन कुनै प्रकारको ठोस काम नभएको कारण नै आफुहरुले यस कमिटीको सदस्यताबाट राजीनामा दिएको बताएका छन्।

****** ० ******

**दार्जीलिङ जिल्ला अदालत**

दार्जीलिङ जिल्ला अदालतले हिज एक सुनवाई गर्दै सिलंगका यूट्यूबर रजत तामाङले अब अनुसूचित जाति विरूद्ध कुनै प्रकारको अपमानजनक कुराहरू गर्न नपाउने निर्देश जारी गरेको थियो। अदालतको सुनवाईलाई लिएर खुशी व्यक्त गर्दै अखिल भारतीय अनुसूचित जाति संघ केन्द्रिय समितिले अनुसूचित जाति संघका सदस्यहरूलाई नआत्तिने आह्वान गरेको छ। रजत तामाङ विरूद्ध कानूनी कार्वाहीको क्रम सही दिशामा अघि बढ़िरहेको बताउँदै संघका मूलसचिव रिमेश मोथेले रजत तामाङको पक्राउको माग पनि यथावत रहेको बताउनु भएको छ।

****** ० ******

**दार्जीलिंग पैरो**

हिज राति अनि आज विहान परेको परेको भारी वर्षाको कारण दार्जीलिंग जिल्लाको विभिन्न ठाउँहरुमा पैरो गएको अनि रूखपात ढलेको जानकारी प्राप्त भएको छ। दार्जीलिंगको गोर्खा रङ्गमन्च भवन अघि एउटा रूख लडेर वाहनलाई थिचेपछि वाहन क्षतिग्रस्त बनेको छ । तथापी वाहनका चालक भने सकुशल रहेको जानकारी प्राप्त भएको छ । यसरी नै सेवक पुलिस आउटपोस्ट अन्तर्गत काली मन्दिर नजिक राष्ट्रिय राजमार्ग 10 मा हिज बेलुका पहाडबाट अचानक ढुंगा खस्दा राजमार्गमा कुदिरहेको र पार्किङमा राखिएको तीन वाहन क्षतिग्रस्त भएको छ। घटनामा दुई जना घाइते भएका छन्। अर्कोतिर डुप्टिन नम्बर दशमा मिरिक बजारदेखि मरमा चियाबारी अनि मिरिक बस्तीलाई जोड्ने सडकमा पैरो गएपछि यातायात बाधा पुगेको बताईएको छ।

****** ० ******

****** ० ******

**<u>ममता-बिरसा मुंडा</u>**

राज्यका मुख्यमंत्री

****** ० ******

**<u>तृणमूल-जश्न</u>**

राज्यका सत्तारूढ़

****** ० ******

**<u>पश्चिम बंगाल-गिरफ्तारी</u>**

पश्चिम बंगाल पुलिसले

****** ० ******

**<u>गंगारामपुर- विरोध</u>**

दक्षिण दिनाजपुर

****** ० ******

**<u>गोर्खा जन पुस्ताकालय</u>**

भारतीय गोर्खाहरूको

****** ० ******

**<u>बिमल गुरुङ मिरिक भ्रमण</u>**

गोर्खा जनमुक्ति

****** ० ******

**<u>सडक जिर्नोधार</u>**

तकदाह टिस्टा

****** ० ******

**ओकेटी चिया रोपाई**

पर्यावरणको

****** ० ******

**धैयाबारी सम्बर्धना**

तीनधारे महानदी

****** ० ******

**कालचिनी हात्तीको आक्रामण**

कालचिनी खण्डको

****** ० ******

**बीएसएफ-अफगानी पक्राउ**

कुचबिहार जिल्लामा

****** ० ******

**आईएमडी मौसम-शब्द**

मौसम विभागले पूर्वी

****** ० ******

**पुस्तक लोकार्पण**

खरसाङ्की कथाकार

****** ० ******

**स्वास्थ्य जाच शिविर**

गैर सरकारी संस्था

****** ० ******

************